अनुसूची – १
(कार्यविधि ऐनको दफा १८ सँग सम्बन्धित)

# चैनपुर नगरपालिका
# नगर सभाको सचिवालय

संखुवासभा जिल्ला, कोशी प्रदेश, नेपाल

च. नं. २११९

मिति : २०८१।०३।०२
ने.सं.११४४ तछलाथ्वा १० आइतबार

........................................................................................................

श्री नगर सभाका सदस्यज्यूहरु (सबै),
चैनपुर नगरपालिका।

**विषय: नगर सभाको १५ औं अधिवेशन आव्हान गरिएको सम्बन्धमा।**

प्रस्तुत सन्दर्भमा चैनपुर नगरपालिका, नगर सभाका अध्यक्ष श्री कृष्ण कुमार तामाङज्यूले कोशी प्रदेशको गाउँ सभा र नगर सभा संचालन कार्यविधि ऐन, २०७५ को दफा ३ को उपदफा (१) बमोजिम चैनपुर नगरपालिका नगर सभाको १५ औं अधिवेशनको पहिलो बैठक देहाय बमोजिमको मिति, स्थान र समयमा आव्हान गर्नु भएकाले सभाका सबै सदस्यज्यूहरुको उपस्थितिको लागि यसै सूचना मार्फत अनुरोध गर्दछु।

**बैठक बस्ने मिति, स्थान र समय**

मिति : २०८१।०३।१० गते सोमबार
स्थान : नगरपालिकाको सभाहल
समय : बिहान ठिक ०८:०० बजे देखि

२०८१/०३/०२
सभा सचिव
प्रमुख प्रशासकीय अधिकृत

## कार्यसूची र समयतालिका

(वर्षे **बजेट** अधिवेशनको बैठकका सम्भावित कार्यसूची)

बैठक संख्या :
अध्यक्षता : श्री कृष्ण कुमार तामाङ

बैठक स्थान : नगरपालिकाको सभाहल चैनपुर
पहिलो बैठक तय मितिः २०८१।०३।१० गते

| क्र स | कार्यसूची | प्रस्तुतकर्ताको नाम |
|---|---|---|
| १ | अध्यक्षले नगर सभाको १५ औं अधिवेशन आव्हान गरेको पत्रको व्यहोरा सभामा वाचन गरेर जानकारी गराउने। | सभाध्यक्ष |
| २ | अधिवेशन सफलताको शुभकामना मन्तव्य (दलिय आधारमा) | श्री ......................<br>श्री .................... |

अनुसूची – १

(कार्यविधि ऐनको दफा १८ सँग सम्बन्धित)

# चैनपुर नगरपालिका

# नगर सभाको सचिवालय

संखुवासभा जिल्ला, कोशी प्रदेश, नेपाल

च. नं. 2919

मिति : २०८१।०३।०२

ने.सं.११४४ तछलाथ्वा १० आइतबार

.....................................................................................................................

| | | |
|---|---|---|
| ३ | समसामयिक विषयमा छलफल/शून्य समयको प्रयोग | श्री ............... |
| ४ | आगामी आ.व.०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम (विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा) सभामा प्रस्तुत | श्री ............. |
| ५ | विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका सम्बन्धमा बैठकमा छलफल गरियोस् भन्ने प्रस्ताव र सो उपर छलफल | श्री ............. |
| ६ | अन्य विधेयकहरु उपर कारवाही (यदि छन् भने) | विषयगत सदस्यहरु श्री ....... |
| ७ | विबिध | सभा सदस्य श्री ............ |
| ८ | समसामयिक विषयमा छलफल (शून्य/विशेष समयको प्रयोग) | श्री ....................<br>श्री .................... |
| ९ | आगामी आ. व. ०८१/८२ को बजेट वक्तव्य प्रस्तुत | उपप्रमुख श्री एलिना श्रेष्ठ |
| १० | विनियोजन ऐन २०८१ सभामा पेश | उपप्रमुख श्री एलिना श्रेष्ठ |
| ११ | विनियोजन विधेयक २०८१ को सैद्धान्तिक छलफलका लागि पेश | उपप्रमुख श्री एलिना श्रेष्ठ |
| १२ | आर्थिक विधेयक २०८१ को सैद्धान्तिक छलफलका लागि पेश | श्री ......... |
| १३ | अन्य विधेयकहरु पेश तथा पहिला नै विचाराधिन विधेयकहरु छन् भने कार्यसूचीमा राख्ने | |
| १४ | विनियोजन विधेयक २०८१ र आर्थिक विधेयक २०८१ उपर छलफल | अध्यक्ष श्री ................. |
| १५ | समसामयिक बिषयमा छलफल (शून्य/विशेष समयको प्रयोग) | श्री ....................<br>श्री .................... |
| १६ | विनियोजन विधेयक २०८१ मा छलफल र स्वीकृतिका लागि पेश | उपप्रमुख श्री एलिना श्रेष्ठ |
| १७ | आर्थिक विधेयक २०८१ मा छलफल र स्वीकृतिका लागि पेश | उपप्रमुख श्री एलिना श्रेष्ठ |
| १८ | अन्य विधेयकहरु पेश तथा पहिला नै विचाराधिन विधेयकहरु छन् भने कार्यसूचीमा राख्ने | कार्यपालिकाका सम्बन्धित सदस्यहरु |
| १९ | अन्य आवश्यक निर्णयहरु | कार्यपालिकाका सम्बन्धित सदस्यहरु |
| २० | समापन मन्तव्य (दलिय आधारमा) | श्री ....................... |
| २१ | भए गरेका कामकारवाहीको विवरण | अध्यक्ष श्री ............... |
| २२ | वर्षे (बजेट) अधिवेशन समापन | अध्यक्ष श्री ............... |

सन्तोष श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची – १
(कार्यविधि ऐनको दफा १८ सँग सम्बन्धित)

# चैनपुर नगरपालिका

# नगर सभाको सचिवालय

संखुवासभा जिल्ला, कोशी प्रदेश, नेपाल

च. नं.

मिति : २०८१।०३।०२
ने.सं.११४४ तछलाथ्वा १० आइतबार

गाउँ सभा र नगर सभा संचालन कार्यविधि ऐन, २०७५ को दफा ५ को उपदफा ३ बमोजिम यो सम्मानित नगरसभालाई मर्यादित बनाउन सभा सदस्यज्यूहरुले पालना गर्नुपर्ने आचरणहरु

- अध्यक्ष बैठककक्षमा प्रवेश हुँदा सबैले सम्मान प्रकट गर्न उठनु पर्नेछ।
- अध्यक्षले बैठकप्रति सम्मान प्रकट गरी आफनो आसन ग्रहण गर्नुपर्नेछ।
- बैठक स्थगित भई अध्यक्ष सभाबाट बाहिर निस्केपछि मात्र अरु सदस्यहरुले बैठक कक्ष छाडनु पर्नेछ।
- बैठकमा भाग लिने सदस्यले बोल्दा अध्यक्षलाई सम्बोधन गरेर मात्र बोल्नु पर्नेछ र अध्यक्षले अन्यथा आदेश दिएकोमा बाहेक उभिएर बोल्नु पर्नेछ।
- अध्यक्षको ध्यानाकर्षण गर्नको निमित्त उठनुपर्नेछ र अध्यक्षले निजको नाम बोलाएपछि वा ईशारा गरेपछि मात्र बोल्नु पर्नेछ।
- अध्यक्षले बैठकलाई सम्बोधन गरिरहेको समयमा कुनै पनि सदस्यले स्थान छाडन हुदैन र अध्यक्षले बोलेको कुरा गम्भिरतापूर्वक सुन्नु पर्नेछ।
- अध्यक्षले आसन ग्रहण गरिरहेको र बोलिरहेको अवस्थामा सदस्यले अध्यक्षको आसनको अगाडीबाट हिडन हुदैन।
- कुनै सदस्यले बोलिरहेको समयमा अशान्ति गर्न, बैठकको मर्यादा भंग हुने वा अव्यवस्था उत्पन्न हुने कुनै काम गर्न हुदैन।
- अशीष्ट, अश्लील, अपमानजनक वा कुनै आपत्तिजनक शब्द बोल्नु हुदैन।
- व्यक्तिगत आक्षेप लगाउनु हुदैन।
- बैठक कक्षमा अध्यक्षको सामुन्नेबाट वारपार गरी हिडन वा अध्यक्षको आसनतर्फ पिठ्यु फर्काएर बस्न हुदैन।
- बैठकको कार्यसँग प्रत्यक्ष रुपले सम्बन्धित विषय बाहेक अन्य बिषयको पुस्तक, समाचारपत्र वा अन्य कागजपत्रहरु पढन हुदैन।
- बैठकको अवधिभर **बैठक कक्षमा मोबाईल फोन प्रयोग गर्न** हुदैन।